## नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ चैत २४ गतेको बैठकका निर्णयहरूः

| क्र.सं. | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | अर्थ मन्त्रालय | वृहत्तर लुम्बिनी क्षेत्र विकास परियोजनाको लागि विश्व बैंकले प्रदान गर्ने ८५ मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण स्वीकार गर्ने। |
| २ | अर्थ मन्त्रालय | पेट्रोल, डिजेल र मट्टीतेलको पैठारीमा लाग्दै आएको भन्सार महसुल र पूर्वाधार विकास करमा ५० प्रतिशत छुट प्रदान गर्ने। |
| ३ | ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय | ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं.-३, पुल्चोकमा रहेको जलस्रोत तथा ऊर्जा अनुसन्धान केन्द्रलाई ललितपुर जिल्ला, गोदावरी नगरपालिका वडा नं.-३ मा स्थानान्तरण गरी जल तथा ऊर्जा आयोगको सचिवालयको कार्यालयलाई ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं.-३, पुल्चोकमा हाल जलस्रोत तथा ऊर्जा अनुसन्धान केन्द्र रहेको भवनमा स्थानान्तरण गर्ने। |
| ४ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | आ.व. २०८२/८३ को लागि गहुँ बालीको न्यूनतम समर्थन मूल्य रु.३९४५/- प्रति क्वीन्टल निर्धारण गर्ने। |
| ५ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | आर्थिक वर्ष २०८२/८३ को लागि १८ प्रतिशतसम्म चिस्यान भएको चैते धान बालीको प्रति क्वीन्टल रू. २८५६.४९/- न्यूनतम समर्थन मूल्य तोक्ने र १८ प्रतिशतभन्दा बढी चिस्यान भएको चैते धानको हकमा एक प्रतिशत चिस्यानका लागि प्रति क्वीन्टल १,२०० ग्रामका दरले घटाई हुन आउने तौल कायम गर्ने। |
| ६ | भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अध्यक्ष श्री श्रीमण कुमार गौतम र सदस्य श्री ललिता कुमारी महर्जन एवं श्री ध्रुव आचार्यको राजीनामा स्वीकृत गर्ने। |
| ७ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | नागढुङ्गा सुरुङमार्ग आयोजनालाई सुरुङमार्गको पश्चिम खण्ड क्षेत्रमा पर्ने धुनिवेसी नगरपालिका वडा नं.९ मा रहेको करिब ९ रोपनी निजी जग्गा प्राप्त गर्न स्वीकृति प्रदान गर्ने। |
| ८ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | पासाङल्हामु राजमार्ग आयोजनालाई बेत्रावती-धुन्चे-स्याफ्रुवेशी सडक खण्डको बुनुवा घुम्तीमा पर्ने उत्तरगया गाउँपालिका वडा नं. ५ मा रहेको करिब २ रोपनी निजी जग्गा प्राप्त गर्न स्वीकृति प्रदान गर्ने। |
| ९ | वन तथा वातावरण मन्त्रालय | काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजना निर्माणको लागि काठमाडौं जिल्लाको दक्षिणकाली नगरपालिका; ललितपुर जिल्लाको गोदावरी नगरपालिका र बागमती गाउँपालिका; मकवानपुर जिल्लाको हेटौंडा उपमहानगरपालिका, भिमफेदी गाउँपालिका र इन्द्रसरोवर गाउँपालिकामा |

| | | |
|---|---|---|
| | | रहेको राष्ट्रिय वन क्षेत्रको कूल ४६.३९ हेक्टर जग्गा प्रयोग गर्न दिने र उक्त वन क्षेत्रमा रहेका विभिन्न प्रजातिका १८९८ गोटा रुख/पोल हटाउन स्वीकृति दिने। |
| १० | राष्ट्रिय योजना आयोगको उपाध्यक्ष पदमा डा. गुणाकर भट्ट, डोटी तथा सदस्यमा श्री अर्जुन जङ्ग थापा, पाल्पा; प्रा.डा. सञ्जय आचार्य, काठमाडौं; डा. देवेन्द्र गौचन, काठमाडौं; श्री रेशू अर्याल, काठमाडौं; प्रा.डा. सुदन झा, काठमाडौं र डा. पुकार मल्ल ललितपुरलाई नियुक्त गर्ने। | |
| ११ | नेपाल राष्ट्र बैंकको डिपुटी गभर्नर पदमा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक श्री किरण पण्डितलाई नियुक्त गर्ने। | |
| १२ | संघीय संसदको दुवै सदनको चालु अधिवेशन संवत् २०८२ साल चैत २७ गते शुक्रबार राति १२:०० बजेदेखि अन्त्य हुन सम्माननीय राष्ट्रपतिज्यू समक्ष सिफारिस गर्ने। | |

# नेपाल सरकार, मन्त्रिपरिषद्को २०८२ चैत २२ गतेको बैठकका निर्णयहरूः

| क्र.सं. | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | अर्थ मन्त्रालय | Digital Nepal Transformation Project को लागि क्रमशः एसियाली विकास बैंक तथा विश्व बैंकले प्रदान गर्ने ४० मिलियन अमेरिकी डलर र ५० मिलियन अमेरिकी डलर गरी जम्मा ९० मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण स्वीकार गर्ने। |
| २ | अर्थ मन्त्रालय | दिगो र समावेशी वित्त परियोजनाको लागि विश्व बैंकबाट प्राप्त हुने ९५ मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण स्वीकार गर्ने। |
| ३ | अर्थ मन्त्रालय | नेपाल सरकारलाई थप आर्थिक दायित्व सिर्जना हुने तथा अन्य विषयहरूमा समेत अर्थ मन्त्रालयबाट राय सहमति प्रदान भई निर्णय प्रक्रियामा रहेका विषयमा सम्बन्धित मन्त्रालयहरूले नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने प्रयोजनको लागि पुनः अर्थ मन्त्रालयको सहमति लिइरहनु नपर्ने। |
| ४ | अर्थ मन्त्रालय | **(क) प्रदेश र स्थानीय तहको लागि राजस्व बाँडफाँटको सीमाः**<br>आर्थिक वर्ष २०८३/८४ को लागि प्रदेशलाई एकासी अर्ब छ करोड पचास लाख रुपियाँ र स्थानीय तहहरूलाई एकासी अर्ब छ करोड पचास लाख रुपियाँ उपलब्ध गराउने गरी कुल रकम एक खर्ब बैसठ्ठी अर्ब तेह्र करोड रुपियाँ अनुमानित राजस्व बाँडफाँटको सीमा स्वीकृत गर्ने।<br>(ख) **प्रदेश र स्थानीय तहको लागि वित्तीय समानीकरण अनुदानको सीमाः**<br>प्रदेशलाई एकसठ्ठी अर्ब पचास करोड बत्तिस लाख रुपियाँ र स्थानीय तहहरूलाई नब्बे अर्ब बीस करोड छयालिस लाख रुपियाँ उपलब्ध गराउने गरी कुल जम्मा एक खर्ब एकाउन्न अर्ब सत्तरी करोड अठहत्तर लाख रुपियाँ वित्तीय समानीकरण अनुदान रकमको सीमा स्वीकृत गर्ने। |
| ५ | अर्थ मन्त्रालय | विनियोजन ऐन,२०८२ को दफा ११ को उपदफा (१) बमोजिम देहायको आदेश जारी गर्नेः<br>(क) प्रचलित कानूनअनुसारको खरिद प्रकृयाबाट सिर्जित दायित्व भुक्तानी गर्नका लागि विनियोजन ऐन,२०८२ को दफा ५ को उपदफा (८) को व्यवस्था लागु नहुने,<br>(ख) शासकीय सुधार सम्बन्धी कार्यसूची कार्यान्वयन र सिर्जित दायित्व भुक्तानी गर्नका लागि विनियोजन ऐन,२०८२ को दफा ५ को उपदफा (११) को खण्ड (क), (ख) र (घ) का सर्तहरू लागु नहुने। |
| ६ | ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय | नेपाल इन्जिनियरिङ सेवा, मेकानिकल समूह, निर्माण उपकरण सम्भार उपसमूह, राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव (प्रा.) पदमा नियुक्त भएका श्री रामचन्द्र पौडेललाई भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय वा अन्तर्गत पदस्थापन गर्ने। |

| | | |
|---|---|---|
| ७ | गृह मन्त्रालय | नेपाल प्रहरीतर्फ केन्द्रीय कार्यालय, प्रदेश कार्यालय र जिल्ला कार्यालयहरूका निर्वाचन सेलमा रहने ७९५ जना कर्मचारीलाई र राष्ट्रिय अनुसन्धान विभाग तथा अन्तर्गतको निर्वाचन सेलमा रहने ४७२ जना कर्मचारीलाई दुई महिनाको लागि सम्बन्धित पदको सुरू तलब स्केलको पचास प्रतिशत भत्ता उपलब्ध गराउने। |
| ८ | रक्षा मन्त्रालय | नेपाली सेना, सैनिक साधारण सेवाका दुईजना सहायक रथीहरूलाई सोही सेवाको उपरथी दर्जामा बढुवा गर्ने। |
| ९ | रक्षा मन्त्रालय | २०८३ बैशाख २९ देखि ३१ गतेसम्म मित्रराष्ट्र अमेरिकामा सञ्चालन हुने Land Forces of the Pacific Symposium and Exposition (LANPAC26) कार्यक्रममा उपरथी श्री किरण के.सी. लाई सहभागी हुन स्वीकृति दिने। |
| १० | रक्षा मन्त्रालय | सैनिक सेवा (छैटौं संशोधन) नियमावली, २०८२ को मसौदामा लोक सेवा आयोगको परामर्श लिन स्वीकृति प्रदान गर्ने। |
| ११ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | नेपाल सरकारका सबै मन्त्रालय, सचिवालय, आयोग र अन्तर्गतका निकायहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति दिने। |
| १२ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | राष्ट्रिय समाचार समितिको कार्यकारी अध्यक्ष श्री धर्मेन्द्र झाले दिनुभएको राजीनामा स्वीकृत गर्ने। |
| १३ | राजपत्राङ्कित बिशिष्ट श्रेणीका अधिकृतहरू श्री मधुसुदन बुर्लाकोटीलाई निर्वाचन आयोगमा र श्री कृष्ण बहादुर राउतलाई उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सरूवा गर्ने। | |
| १४ | संवत् २०८२ साल चैत २३ गते सोमबारबाट लागु हुने गरी सरकारी कार्यालय, सार्वजनिक निकाय तथा शैक्षिक संस्थाहरूमा शनिबार र आइतबार बिदा दिने। शैक्षिक संस्थाबाहेक उल्लिखित कार्यालय तथा सार्वजनिक निकायहरूको कार्यालय समय ९:०० देखि ५:०० बजेसम्म हुने। साथै, कात्तिक १६ देखि माघ १५ गतेसम्मको कार्यालय समय ९:०० देखि ४:०० बजेसम्म कायम गर्ने। | |
| १५ | डिजेल तथा पेट्रोल गाडीलाई विद्यूतीय गाडीमा परिवर्तन गर्नका लागि आवश्यक कानूनी व्यवस्था मिलाउने। | |
| १६ | आगामी शैक्षिक सत्र २०८३ बैशाख १५ गतेबाट सुरु गर्ने। | |
| १७ | संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई संवत् २०८२ साल चैत २७ गते शुक्रबार अपरान्ह १५:०० बजे सम्बोधन हुन र त्यसका लागि संघीय संसदका माननीय सदस्यहरूको उपस्थिति आह्वान गर्न सम्माननीय राष्ट्रपतिज्यू समक्ष सिफारिस गर्ने। | |

## नेपाल सरकार, मन्त्रिपरिषद्को २०८२ चैत १६ गतेको बैठकका निर्णयहरूः

| क्र.सं. | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संविधान संशोधन बहसपत्र तयार गर्न सम्माननीय प्रधानमन्त्रीज्यूको राजनीतिक सल्लाहकारको संयोजकत्वमा कार्यदल गठन गर्ने। |
| २ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संवत् २०८२ साल चैत १९ गते बिहीबारका दिन १४:०० बजे संघीय संसद भवन, सिंहदरबारमा दुबै सदनको अधिवेशन आव्हान हुन सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने। |
| ३ | कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सैद्धान्तिक सहमति र नेपाल सरकार, मन्त्रिपरिषद्बाट सिद्धान्त स्वीकृति लिई विधेयक तर्जुमाको प्रक्रियामा रहेका विधेयकको हकमा यसअघि लिएको सिद्धान्त स्वीकृतिलाई नै सिद्धान्त स्वीकृति मानी सबै मन्त्रालयले विधेयकको तर्जुमा प्रक्रिया अगाडि बढाउने। |
| ४ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | नेपाल कृषि सेवाका राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री बैकुण्ठ अधिकारीको राजीनामा स्वीकृत गर्ने। |
| ५ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | राजपत्राङ्कित प्रथम श्रेणीका छ जना सहसचिवहरूको सरुवा गर्ने। |

## नेपाल सरकार, मन्त्रिपरिषद्को २०८२ चैत १३ गतेको बैठकका निर्णयहरूः

| क्र.सं. | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रधानमन्त्रीको सल्लाहकार र सचिवालय व्यवस्थापन कार्यविधि, २०७४ को तेह्रौं संशोधन स्वीकृत गर्ने तथा सम्माननीय प्रधानमन्त्रीज्यूको मुख्य सल्लाहकारमा श्री कुमार ब्यञ्जनकार, ललितपुर; राजनीतिक सल्लाहकारमा श्री असिम शाह, काठमाडौं; नीति, प्रशासन तथा सुशासन सल्लाहकारमा श्री सुदीप ढकाल, पाल्पा र सूचना तथा सञ्चार प्रविधि सल्लाहकारमा श्री विवेक मिश्र, महोत्तरीलाई नियुक्त गर्ने। |
| २ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संवत् २०८२ साल भदौ २३ र २४ गते जेनजी आन्दोलन तथा यसअघि भएका विभिन्न आन्दोलनमा वीरगति प्राप्त गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरू प्रति भावपूर्ण सम्मान एवं हार्दिक श्रद्धाञ्जली अर्पण गर्ने। |
| ३ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सरकारका शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची स्वीकृत गर्ने। |
| ४ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संवत् २०८२ साल भदौ २३ र २४ गते प्रदर्शनको क्रममा भएका घटनाको जाँचबुझ गर्न गठित आयोगले नेपाल सरकारसमक्ष पेश गरेको प्रतिवेदन तत्काल कार्यान्वयन गर्न देहायबमोजिम गर्ने।<br>(क) आयोगले सिफारिस गरेका व्यक्ति र निकायमध्ये सुरक्षा संयन्त्रका हकमा अध्ययन समिति गठन गरी सो समितिले पेश गर्ने सिफारिस बमोजिम गर्ने।<br>(ख) अन्यका हकमा सो आयोगले गरेको सिफारिसलाई तत्काल कार्यान्वयन गर्न सम्बन्धित निकायलाई निर्देशन दिने। |
| ५ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | परिवर्तित सन्दर्भमा मन्त्रिपरिषद् र मन्त्रिपरिषद्का विभिन्न समितिहरूमा प्रक्रियामा रहेका तथा प्रक्रियामा नलगिएका सम्पूर्ण प्रस्तावहरू सम्बन्धित मन्त्रालयहरूमा फिर्ता गर्ने। |
| ६ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | नेपाल सरकारको प्रवक्तामा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीलाई तोक्ने। |
| ७ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सहरी विकास मन्त्रालयमा कार्यरत राजपत्राङ्कित विशिष्ट श्रेणी, सचिव श्री गोपाल प्रसाद सिग्देललाई भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको समेत थप जिम्मेवारी दिने। |